# इलाम नगरपालिका

## इलाम नगरपालिकाको राजपत्र

**खण्ड : २** **सङ्ख्या : ४** **मिति : २०७५/०३/१८**

## भाग –१

## इलाम नगरपालिका

ऐनको नाम : **इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७५**

**प्रमाणीकरण मिति : २०७५/०३/१२**
**नगर सभाबाट स्वीकृत मिति : २०७५/०३/११**

**प्रस्तावनाः** इलाम नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम इलाम नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७५" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त इलाम नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची – १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७९,८०,००,०००।०० ( अक्षरेपी उनासी करोड असी लाख ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त इलाम नगरपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तर्फको रकम पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस दफाको अन्यत्र जुनसुकै व्यवस्था भए पनि चालु खर्चमा विनियोजित रकम खर्च नहुने भएमा पूँजीगत कार्यक्रम स्वीकृत गरी खर्च गर्न बाधा पर्ने छैन ।

४. **अधिकार प्रत्यायोजन** : (१) चालु खर्चतर्फको सम्बन्धित स्वीकृत वार्षिक बजेटको तोकिएको खर्च शीर्षकमा विनियोजित रकममा बढी नहुने गरी कतै दर तोकिएको भए सो दरअनुसार र नतोकिएको भए बजेट सीमाको ख्याल गरी दर स्वीकृत गरी खर्च लेख्ने अधिकार इलाम नगर कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयका अधिकार प्राप्त अधिकारी तथा लेखा उत्तरदायी अधिकारीमा प्रत्यायोजन भएको हुनेछ ।

(२) उपदफा (१) अनुसारको खर्चको दर पदाधिकारीको पारिश्रमिक, प्रमुखको सहायक र सल्लाहाकारको पारिश्रमिक, चालक, करार सेवाका व्यक्ति तथा निकायको पारिश्रमिक र सेवा शुल्क, तालिम, अभिमुखीकरण कार्यक्रमका सहजकर्ता र सहभागीको भत्ता, नगर सभा, नगर कार्यपालिका र अन्तर्गतका समिति, उपसमितिलगायतको बैठक भत्ता, खाजा खर्च, यातायात खर्च र कर्मचारीले अतिरिक्त समय कार्य गरेको पारिश्रमिक आदि हुनेछ ।

## अनुसूची–१
## दफा २ को उपदफा (१) अनुसार विनियोजित रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था( ऋणको साँवा, व्याज ) | कूल जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | समानीकरण , आन्तरिक आय र अन्य | नगर कार्यपालिका खर्च | ११५,०००,०००।० | २७४,६६३,३१८।९ | ३,६००,०००।० | ३९३,२६३,३१८।९ | |
| | | वडास्तरीय खर्च | ३,०००,०००।० | ६०,०००,०००।० | ( | ६३,०००,०००।० | |
| २. | सशर्त अनुदान | सामाजिक सुरक्षा भत्ता | ६०,५००,०००।० | ( | ( | ६०,५००,०००।० | |
| ३. | सशर्त अनुदान | विषयगत कार्यालयहरु | | | | ( | |
| ३.१ | | विद्यालय शिक्षा | १६९,३२०,०००।० | २९,५७४,०००।० | ( | १९८,८९४,०००।० | |
| ३.२ | | कृषि विकास | १,१८६,०००।० | २,२४६,०००।० | ( | ३,४३२,०००।० | |
| ३.३ | | पशु सेवा विकास | ५९१,०००।० | ८१६,०००।० | ( | १,४०७,०००।० | |
| ३.४ | | जनस्वास्थ्य कार्यक्रम | १४,५१३,०००।० | १७,६७२,०००।० | ( | ३२,१८५,०००।० | |
| ३.५ | | इलाम अस्पताल | २९,३८८,०००।० | ( | ( | २९,३८८,०००।० | |
| ३.६ | | आयूर्वेद औषधालय | १,६८१,०००।० | ६९७,०००।० | ( | २,३७८,०००।० | |
| ३.८ | | नवीकरणीय ऊर्जा | २५०,०००।० | १,१०८,०००।० | ( | १,३५८,०००।० | |
| ३.९ | | वातावरण | ( | ३००,०००।० | ( | ३००,०००।०० | |
| ३.१० | | सँस्कृति प्रबर्द्धन | ( | ८,०००,०००।० | ( | ८,०००,०००।० | |
| ३.११ | | कबुलियती वन | ( | २००,०००।० | ( | २००,०००।० | |
| ३.१२ | | ज्येष्ठ नागरिक | ( | १३०,०००।० | ( | १३०,०००।० | |
| ३.१३ | | बालबालिका | ( | ५३,०००।० | ( | ५३,०००।० | |
| ३.१४ | | महिला | ८०८,०००।० | २८५,०००।० | ( | १,०९३,०००।० | |
| ३.१५ | | युवा विकास | ( | ८८२,०००।० | ( | ८८२,०००।० | |
| ४. | साझेदारी कोष | | ( | ( | १,५३६,६८१।१ | १,५३६,६८१।१ | |
| | | जम्मा | ३९६,२३७,०००।० | ३९६,६२६,३१८।९ | ५,१३६,६८१।१ | ७९८,०००,०००।० | |

आज्ञाले,
महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत